वालिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७६/०७७
चलानी नं. :

मिति २०७६।१२।०३

**सुझावका लागि अनुरोध**

कुनै पनि नगरको दिगो विकास प्रगतिको लागि योजना महत्वपुर्ण विषय हो। नगर दिगो विकासका लागि उपल्वध स्रोत र साधनको उपयुक्त परिचालन तथा प्रयोगले उपलब्धि हासिल गर्नका लागि योजना निर्माण गर्न आवश्यक हुन्छ। नगरको आर्थिक, सामाजिक, पूर्वाधार, लगाएत क्षेत्रको विकासको लागि योजनावद्ध विकासको थालनि गरिएको हो। योजनावद्ध विकासवाट सिमित श्रोत र साधानको उच्चत्तम प्रयोग र न्यायोचित वितरण गर्न सहज हुन्छ।

विकासको यहि पक्षलाई ध्यानमा राखि वालिङ नगरपालिकाले पनि एक वर्षदेखि वालिङ नगरपालिकाले वृहत नगर योजना निर्माण गरि अन्तिम मस्यौदा तयार गरेको छ। वालिङ नगरपालिकाको पार्श्वचित्र २०७५ तथा राष्ट्रिय तथ्याङ्क २०६८ लाई आधार मान्दै एक वर्षदेखि १४ वटै वडाका नगरवासि, विषयगत समिति, स्थानिय बुध्दिजिवि, नगरकार्यपालिका, विषयगत शाखा, तथा अन्य सरोकारवालाहरु सगं विभिन्न चरणमा अन्तरक्रिया तथा छलफलहरु गर्दै वालिङ लाई स्मार्ट वालिङ तथा समृद्धि नगर वनाउनको लागि २० वर्षे दिर्घकालालिन योजना सहित नगरपालिकाको वृहत नगर योजनाको अन्तिम मस्यौदा तयार गरियको हो।

यसमा नगरको दुरदृष्टि दिर्घकालिन लक्ष्य विकासका क्षेत्रगत लक्ष्य उद्धेश्य निति तथा आवधिक प्रथामिकता विषयहरु समावेश गरिएको छ। यस नगरको वृहत योजना नगरको बार्षिक तथा आवधिक आयोजना वार्षिक कार्यक्रम मध्यकालिन खर्च तथा क्षेत्रगत योजना समेत तयार गर्न दिशानिर्देश गर्ने भएकोले यसलाई गहनतापुर्वक तर्जुमा गर्न आवश्यक छ। तर्सथ यो नगरको अन्तिम मस्यौदा उपर सम्पुर्ण नगरवासिको सुझाव तथा रायहरु लिई यस वृहत योजनालाई थप परिस्कृत र ओझपुर्ण वनाउने उद्देश्यका साथ नगरपालिकाको यो www.walingmun.gov.np वेभसाइट राखियको छ। कृपया मस्यौदा अध्ययन गरि मस्यौदाको सुझाव पेटिका अथवा नगरपालिकाको आधिकारिक ईमेल ठेगाना info@walingmun.gov.np, walingmun@gmail.com, ict.walingmunicipality@gmail.com मा आफ्नो परिचय उल्लेख गरि वृहत नगर योजनाको मस्यौदा उपर मिति २०७६।१२।१८ गते सम्म आफ्नो राय तथा सुझावहरु दिनहुन सम्पुर्ण नगरवासिहरुमा हार्दिक अनुरोध गर्दछु।

यहाहरुको सहयोग र सुझाव वाट नै यो मस्यौदा समृद्ध तथा स्मार्ट वालिङ निर्माणको आधार दस्तावेज वन्ने विश्वास लिएको छु।

नगर प्रमुख
दिलिप प्रताप खाँण

फोन नं : +९७७-६३-४४०१७७, ४४०२३७
ईमेल: walingmun@gmail.com
फ्याक्स: +९७७-६३-४४०१८२
वेब पेज : www.walingmun.gov.np